# मिल्क एनालाईजर मेशिन बितरण कार्यविधि, २०७५

<u>प्रस्तावना:</u> उत्पादित दूधको गुणस्तर परिक्षण गर्न तथा किसानहरुमा यस व्यवसायलाई पारदर्शीका तुल्याउन दूध सकलन केन्द्र सहकारी सस्थाहरुमा स्वचालित दूध बिश्लेषण यन्त्र स्थापना गर्नु पर्ने आवश्यक देखिएकोले आर्थिक वर्ष २०७५/०७६ को प्रदेश सरकार, प्रदेश नं. ५ को नीति तथा कार्यक्रमको बुँदा नं. ६२ अन्तर्गत दुग्धजन्य उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउन आधुनिक प्रविधि प्रयोग गरी उद्यमीलाई प्रोत्साहन गर्ने नीति रहेको साथै प्रदेश नं. ५, प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको आ.व. २०७५/७६ कार्यक्रममा समेत मिल्क एनालाईजर वितरण कार्यक्रम रहेको हुनाले प्रदेश सरकार, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "मिल्क एनालाईजर मेसिन बितरण कार्यविधि, २०७५" बनाई लागु गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "मिल्क एनालाईजर मेसिन बितरण कार्यविधि २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.<u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं., ५ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(ख) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ।

(घ) "कार्यविधि" भन्नाले " मिल्क एनालाईजर मेसिन बितरण कार्यविधि, २०७५" सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम" भन्नाले मिल्कएनालाईजर मेशिन खरिद वितरण कार्यक्रम सम्झनुपर्छ।

सचिव

३. <u>उद्देश्यहरु:</u> यस कार्यविधिका उदद्देश्यहरु देहायबमोजिम हुनेछन् :-

(क) दूधको गुणस्तर परिक्षण गर्न सहयोग गर्ने।

(ख) कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न सहयोग गर्ने।

(ग) दूध खरिद र बितरण प्रणालीमा बैज्ञानिक पद्धति लागु गर्न सहयोग गर्ने।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रकृया

४. <u>प्रस्ताव आव्हान:</u> (१) मिल्क एनालाईजर वितरणको लागि भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दुग्ध उत्पादक सहकारी संघ/सस्था तथा दुग्ध उधोग, दुग्ध उधोगहरु द्धारा संचालित चिलिङ सेन्टरलाई लक्षित गरी राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी अनुसूची १ बमोजिम प्रस्ताव माग गर्नेछ।

(२) सुचना प्रकाशन पश्चात अनुसूची २ अनुसारको निवेदन सहित सहोकारवाला दुग्ध उत्पादक सहकारी संघ/ सस्था तथा दुग्ध उधोग, दुग्ध उधोगहरु द्धारा संचालित चिलिङ सेन्टरहरुले सम्वन्धित निकायको सिफारीस सहित अनुसूची ३ को ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने छ।

(३) प्राप्त प्रस्तावहरु अनुसूची ४ अनुसार मूल्यांकन गरी प्रस्तिस्पर्धाको आधारमा छनौट गरिने छ।

(४) मिल्क एनालाईजर खरिदका लागि प्रति गोटामा परल मूल्यको ५० प्रतिशत वा वढीमा रु २००००० (दुइ लाख मात्र) का दरल अनुदान रकम उपलव्ध गराईने छ।

(५) छनौट भएका निकायलाइ अनुसूची ५ वमोजिम सम्झौता गरिने छ।

५. <u>मूल्याङ्कन समिति:</u> (१) प्राप्त प्रस्तावहरुको मूल्यांकनको लागि देहायबमोजिमको मूल्याकन समिति रहने छ।

| | |
|---|---|
| (क) प्रमुख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (ख) अधिकृत प्रतिनिधि कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि कृषि ज्ञान केन्द्र | सदस्य |
| (घ) पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (ङ) पशु विकास अधिकृत, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |



सचिव

नोटः निर्णय प्रक्रियामा आवश्यकता परेमा समितिले वढीमा ३ जना सम्म सम्वन्धि विषयको विज्ञलाइ वैठकमा आमन्त्रण गर्न सक्नेछन्।

६. <u>भुक्तानी गर्ने विधिः</u> स्थलगत अनुगमन पश्चात मिल्क एनालाईजर खरिद गरेको मूल्य अभिवृद्धि कर सहितको बिल पेश गरेपछी मात्र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलेप्रचलित कानुन वमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी भुक्तानी गर्नेछ।

७. <u>मिल्क एनालाईजरको स्पेशिफिकेशनः</u> दूधमा रहेको चिल्लो पदार्थ, चिल्लो रहित ठोस पदार्थ, प्रोटीन घनत्व, ल्यक्टोज, पि. एच, दूधमा पानीको मिसावट मापन गर्ने कम्प्युटर सहितको मिल्क एनालाईजरमा मात्र अनुदान रकम उपलव्ध गराईनेछ।

८. <u>आर्थिक प्रशासन सेवाः</u> कार्यक्रमको लेखा ,लेखाङ्कन लेखा परिक्षण तथा ,आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली२०६४, रप्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्वन्धी कार्याविधि २०७५ तथा प्रचलित कानून बमोजिम हुनेछ।

९. <u>अनुगमन मूल्याङन तथा प्रतिवेदन सम्वन्धी व्यवस्थाः</u> यस कार्यक्रमको अनुगमन मन्त्रालय , ,निर्देशनालय मन्त्रालयले तोकेको कार्यालयहरुले गर्नेछन् । मासिक चौमासिक तथा वार्षिक , प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ।

१०. <u>थपघट वा हेरफेर गर्न सक्नेः</u> (१) यो कार्याविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्याविधिमा थपघटहेरफेर तथा , खारेजगर्न सक्नेछ ।

(२) यस कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची १

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०........

यस विज्ञ केन्द्रको आ.व.२०७.....०७.. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार "मिल्क एनालाईजर मेसिन बितरण कार्यबिधि २०७५" बमोजिम दुग्ध उत्पादक सहकारी संघ/ सस्था तथा दुग्ध उद्योग, दुग्ध उद्योगहरु द्धारा संचालित चिलिङ सेन्टरले यो सूचना प्रकाशित भएको मितिको १५ दिन भित्र कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । निवेदनका साथ तपशिलमा उल्लेखित कागजातहरु संलग्न हुनु पर्ने छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

अनुदान रकमः स्वचालित दूध विश्लेषण यन्त्र खरिदका लागि प्रयोग गर्नुपर्ने छ।

१. रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची २ अनुसारको निवेदन ढाँचा ।
२. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था,फर्म,व्यवसाय दर्ता तथा नविकरण गरेको प्रमाणित प्रतिलिपि
३. व्यावसायिक संस्था,फर्म,कम्पनी, हकमा मूल्य अभिबृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। सहकारीको हकमा सम्वन्धित सहकारी डिभिजन कार्यालयमा दर्ता हुनुपर्ने छ।
४. नियमानुसार दर्ता भएका प्रस्तावकहरुले अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र करचुक्तादाखिलाको प्रमाणित प्रतिलिपी ।
५. प्रस्तावक संस्थाको साझेदारीको लगानी सहितको प्रतिबद्धता पत्र।
६. अनुसूची ४ अनुसारको परियोजना प्रस्ताव
७. खरिद गर्न चाहेको मिल्क एनालाईजरको गुणस्तर तथा परिणाम सम्वन्धी ब्रोसर वा डकुमेन्ट
८. विगत २ आर्थिक वर्ष भित्र अन्य सरकारी निकायहरुवाट सोही प्रकृतिको वस्तुगत तथा नगद अनुदान नलिएको प्रतिबद्धता पत्र ।
९. मिल्क एनालाईजर सम्वन्धी कार्यविधी अनुसूची एंव वृस्तित विवरण भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सुचना पाटी तथा तोकिएको वेबसाइटमा हेर्न सक्नु हुनेछ।

अनुसूची २

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

निवेदनको ढाँचा

मितिः...............

श्री कार्यालय प्रमुख,
प्रदेश नं ५
भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

विषयःमिल्क एनालाईजर मेशिन खरिदमा सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुतविषयमा मितिको राष्ट्रिय दैनिक .............पत्रिकामा प्रकाशित सूचना अनुसार जिल्ला........... गाउँपालिक/नगरपालिका...................वजार/गाउँ.............मा सञ्चालितदुग्ध उत्पादक सहकारी /संघ सस्था तथा दुग्ध उधोग, दुग्ध उधोगहरु द्धारा संचालित चिलिङ सेन्टरलाइ सहकार्यमा मिल्क एनालाईजर खरिद गर्न ईच्छुक भएकाले सूचनामा उल्लेख भए अनुसारको कागजहरु संलग्न गरी आवश्यक कारवाहीको लागि निवेदन पेश गरेका छौं ।

प्रस्तावक सस्थाको तर्फवाट

संस्थाको अध्यक्ष प्रोपाइटर

नामः दस्तखतः छापः

अनुसूची ३

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

प्रस्ताव-पत्रको नमुना

| सहकर्यमा मिल्क एनालाईजर मेशिन खरिद सहयोग सम्बन्धी प्रस्ताव पत्र | | |
|---|---|---|
| | | |
| क_प्रविधिक प्रस्ताव | | |
| १ | प्रस्तावक संस्थाको नाम | |
| २ | ठेगाना | |
| ३ | सम्पर्क व्यक्तिको नाम | |
| ४ | सम्पर्क नम्वर | |
| ५ | आवेदक संस्थाको दर्ता भएको मिति नम्वर | |
| ६ | दर्ता भएको कार्यालय र दर्ता नम्वर | |
| ७ | आवेदक संस्थाको उमेर वा संस्था दर्ता पश्चातको अविध वर्षमा | |
| ८ | भ्याट वा प्यान दर्ता नम्वर | |
| ९ | शेयरसदस्य संख्या | |
| १० | दैनिक दूध संकलन गर्ने सदस्य संख्या | |
| ११ | दैनिक दूध संकलन लि | |
| १२ | चिलिङ्गभ्याटको संख्या | |
| १३ | चिलिङ्गभ्याटको दूध संकलन गर्ने क्षमता लि | |
| १४ | दुग्ध जन्य पदार्थहरुको उत्पादन भए नाम | |
| १५ | प्रस्तावित कार्यक्रमको कुल वजेट रु | |
| १६ | प्रस्तावक संस्थाले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु | |
| १७ | मन्त्रालयसंग माग भएको रकम रु | |
| १८ | प्रस्तावित कार्यक्रमको उद्देश्य | |



सचिव

| | |
|---|---|
| १८. १ | |
| १८. २ | |
| १९ | प्रस्तावित कार्यक्रम कार्यन्वयन स्थलमा विद्यमान भौतिक पूर्वधारहरु |

| | | | | |
|---|---|---|---|---|
| | सडक सुविधा छ/छैन_ | | नजिकको वजारको नाम | |
| | सडकको अवस्था कच्चि/पक्की | | बजार सम्मको दूरी कि.मी_ | |
| | बिजुलीको सुविधा -छ/छैन | | सदरमुकाम देखिको दूरी कि.मी | |
| | खानेपानीको सुविधा -छ/छैन | | जग्गाको स्वामित्व -आफ्नै/लीज | |

२० आफ्नै स्वामित्वको भवन मेशिनरी सवारीसधान र यन्त्रउपकरणको किसिम र संख्या उल्लेख गर्ने]{

| क.स. | विवरण | संख्या | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

| | |
|---|---|
| २१ | कार्यक्रम समाप्ती पश्चात अपेक्षित उपलब्धिहरु |
| २१. १ | |
| २१. २ | |

२२ प्रस्तावित कार्यक्रममा अन्य निकायहरुबाट भौतिक एव आर्थिक सहयोग प्राप्त हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने

| क्र= स= | सहकार्यगर्ने अन्य निकायहरुको नाम | सहकार्य रकम रु |
|---|---|---|
| | | |
| | | |
| | | |

| | |
|---|---|
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| २३. १ | |

२४ प्रस्तवक संस्था सँगको जनशक्ति बिवरण

| क सं | जनशक्तिको बिबरण | दक्षता -शैक्षिक योग्यता/तालिम | संख्या |
|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| |
|---|
| माथि उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गरांउछु/छौं । |
| मप्रस्तावक स्थानिय तह/सहकारी संस्था/व्यावसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको जिम्मेवार पदाधिकारीको |

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षर | |
| मितिः | |
| संस्थाको छाप | |

पुनश्चः प्रस्ताव(पत्रका साथ निम्न कागजातहरु अनिवार्य रुपमा सम्मिलित हुनु पर्नेछ । म्याद नाधि वा रित नपुगि पेश भएका प्रस्तावहरु मूल्यांकनमा सामेल गरिने छैन ।

सचिव

## अनुसुची ४

प्रस्ताव छनौटका लागि मुल्याङ्कनका आधारहरुः

| क्रस | विवरण | पूर्णाङ्क | अंक प्रदानका आधार |
|---|---|---|---|
| १ | प्रस्तावको प्रस्तुतिको ढाँचा | २५ | १ देखि १५ अंक आंशिक भरीएको<br>१६ देख २५ अंक पूर्ण भरीएको |
| २ | संस्थाको स्थापना वर्ष | २० | ५ अंक २ वर्षसम्म<br>१० अंक २भन्दा माथी ५ वर्षसम्म<br>१५ अंक ५ वर्ष भन्दा माथी ७ वर्षसम्म<br>२० अंक ७ वर्ष भन्दा माथी १० वर्षसम्म |
| ३ | दूध संकलन परिमाण लि | १५ | ५ अंक ५०० लि<br>१० अंक ५०१ देखी ७०० लि<br>१५ अंक ७०१ ली देखी वा सो भन्दा माथी |
| ४ | चिलिङ्गभ्याटको क्षमता | १५ | ५ अंक २५० देखि ५०० लि<br>१० अंक ५०१ देखि १००० लि<br>१५ अंक १००१ लि वा सो भन्दा माथी |
| ५ | लाभान्वित शेयर सदस्य | २० | ५ अंक ७५ सम्म<br>१० अंक ७६ देखि १५० सम्म<br>१५ अंक १५१ दखि २५० सम्म<br>२० अंक २५० भन्दा माथी |
| ६ | दुग्धजन्य पदार्थ उत्पादन गरी राखेको | ५ | |
| | | १०० | |

सचिव

अनुसूची ५

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**सहकार्यमा मिल्क एनालाईजर मेशिन वितरण अनुदानबाट सन्चालन गरिने कार्यक्रमको सम्झौता पत्र**

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्रको आर्थिक बर्ष २०७......।०७...... को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा मिल्क एनालाईजर मेशिन(Milk Analyzer)खरिदका लागि सहयोग कार्यक्रम संचालन गर्न भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (यसपछि प्रथम पक्ष भनिने) र श्री ............................ (यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं÷लियौं ।

तपशिल

१. प्रथम पक्षले .................. कार्यक्रमको लागि विनियोजित रु.............................. मध्ये ५ प्रतिशत कन्टिन्जेन्सि वापतको रु ............ कट्टा गरी दोश्रो पक्षलाई रु...................... (अक्षरुपी.................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।बांकी रकम दोश्रोपक्ष आफैले लगानी गर्ने छ ।

२. दोश्रोपक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसार गुणस्तरिय मिल्क एनालाईजर आफैले खरिद गरी नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवस्यक कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गर्नु पर्ने छ ।

३. प्रथम पक्ष आफैले वा तोकको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा अनुदान रकम दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

४. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट खरिद गरिएकोमिल्क एनालाईजरको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ ।

५. दोश्रोपक्षले सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगती विवरण प्रथमपक्ष वा प्रथम पक्षले तोकेको कार्यालयमा तोकिएको समयमा उपलब्ध गराउनु पर्ने छ ।

६. सहकार्यमा खरिद गरिएको मिल्क एनालाईजर मेशिन दोश्रो पक्षले ३ वर्षसम्म विक्री वा स्वामित्व हस्तान्तरण गर्न पाईने छैन ।

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन÷निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ । सहकार्यमा खरिद गरिएकोमिल्क एनालाईजरको काम नभएको पाईएमा सो मिल्क एनालाईजर सरकारी सम्पत्ति सरह फिर्ता लिईने छ । यस अवस्थामा दोश्रो पक्षले आफ्नो रकमको दावी गर्ने पाईने छैन।

८. दोश्रोपक्षले कार्यक्रम संचालन स्थलमा सवैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नेछ ।

९. कार्यक्रम संचालनका दौरान कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. द्विपक्षिय सम्झौता मुताविकको काम नभइ रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको मेशिनरी, उपकरण र अन्य सामानहरु खरीद सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल पेश नगरेमा खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | कार्यालयः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| रोहवर | |
| हस्ताक्षर | हस्ताक्षर |

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

इति सम्वत ........... साल ............. महिना ......... गते रोज ........ शुभम् ।

नोटः द्विपक्षिय सम्झौतामा आवस्यक्ता मुताविकका अन्य सान्दर्भिक बुंदाहरु थप गर्न सकिनेछ ।

सचिव